नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्लान्ट क्वारेन्टाईन तथा विषादी व्यवस्थापन केन्द्र
हरिहरभवन, ललितपुर

प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रले जीवनाशक विषादी व्यवस्थापन ऐन, २०७६ को दफा ८ बमोजिम पञ्जीकरण वा पुनः पञ्जीकरण गरिएका जीवनाशक विषादीको उत्पादन, संश्लेषण, निकासी, पैठारी, ओसारपसार, प्याकिङ्ग वा पुनः प्याकिङ्ग गर्न चाहने व्यक्ति, संस्था वा निकायलाई ऐनको दफा ९ को उपदफा (१) को प्रयोजन तथा जीवनाशक विषादी व्यवस्थापन नियमावली, २०८१ को नियम ११ को उपनियम (३) वमोजिम आवश्यक सर्तहरु तोकी अनुसूची-८ वमोजिमको इजाजतपत्र प्रदान गरीएको छ ।

इजाजतपत्र प्राप्त गर्ने व्यक्ति, संस्था वा निकायः
ठेगानाः
सम्पर्क नं इमेलः
तालिम प्राप्त व्यक्तिः सम्पर्क नं.
तालिमको सन्दर्भ नं.

<u>प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रले इजाजतपत्र प्रदान गर्दाका सर्तहरुः</u>

१. इजाजतपत्रमा तोकिएको प्रयोजन वाहेक अन्य प्रयोजनका लागि व्यवसाय गर्न अनुमति दिइएको छैन।
२. जीवनाशक विषादी व्यवस्थापन नियमावलीको नियम ११ को उपनियम (१) वमोजिम योग्यता भएको र केन्द्रबाट सञ्चालित तालिम प्राप्त व्यक्ति द्वारा जुन प्रयोजनका लागि इजाजतपत्र लिएको हो सो कार्य गर्नु र गराउनु पर्नेछ ।
३. इजाजतपत्र प्राप्त गर्दाको वखत पेश गरेको तालिम प्राप्त जनशक्तिलाई केन्द्रले जीवनाशक विषादी व्यवस्थापन ऐनको दफा ८ को उपदफा (२) अनुसार तोकिए बमोजिमको प्राविधिक जानकारी उपलब्ध गराएकोले जीवनाशक विषादीको कारोवार तथा व्यवस्थापनमा उसको अविछिन्न प्रतक्ष सम्लग्नता अनिवार्य हुनेछ । यदि उक्त तालिम प्राप्त व्यक्तिले सो संस्था वा निकायमा कार्य गर्न छोडेमा वा छोड्ने भएमा तुरुन्त केन्द्रमा जानकारी गराई जीवनाशक विषादी व्यवस्थापन नियमावली, २०८१ को नियम ४ (च) अनुसार योग्य व्यक्ति नियुक्ति गर्नका लागि केन्द्र समक्ष निवेदन एवं केन्द्रले सो वखत माग गरेका विस्तृत विवरण पेश गरी केन्द्रको स्वीकृती लिएर मात्र व्यवस्थापन गर्नुपर्नेछ । कुनै व्यक्ति, संस्था वा निकायमा औपचारीक रुपले एक स्थानमा कार्यमा आवद्ध भएको व्यक्ति एकै पटक अन्य स्थान वा अन्य संस्था वा निकायमा कार्य गर्न पाउने छैन ।
४. जीवनाशक विषादी व्यवस्थापन नियमावलीको नियम ४ का सर्तहरु साथै नियमावलीको अनुसूची-८ को इजाजतपत्रमा उल्लेखित सर्तहरु अनिवार्य पालना गर्नुपर्नेछ ।
५. जीवनाशक विषादी व्यवस्थापन नियमावलीको अनुसूची -७ को स्वघोषणा गरेको स्थान र केन्द्रले खटाएका जीवनाशक विषादी निरीक्षक वा केन्द्रले तोकेको व्यक्तिले अनुगमन गरी फारममा उल्लेख गरीएको क्षेत्रमा वाहेक केन्द्रको स्वीकृती विना जीवनाशक विषादी अन्य स्थानमा भण्डारण गर्न पाइने छैन। यसरी केन्द्रको स्वीकृति विना नै भण्डारण गरिएको जीवनाशक विषादी अनुगमनका क्रममा पाइएमा सो सम्बन्धी अध्ययन गरी कानून विपरित भण्डारण भएकोमा जीवनाशक विषादी व्यवस्थापन ऐन बमोजिम कारर्वाही गरिने छ र इजाजतपत्र खारेजी गरिनेछ ।
६. केन्द्रले खटाएका जीवनाशक विषादी निरीक्षक वा केन्द्रले तोकेको व्यक्तिले भण्डारण कक्षको अनुगमन गरी फारममा वा भ्रमण प्रतिवेदनमा उल्लेख गरेका प्राविधिक विषयको पूर्णतया पालना गर्नुपर्नेछ । जीवनाशक विषादी व्यवस्थापन नियमावली, २०८१ को अनुसूची-१० को जीवनाशक विषादीको खतरा जनाउने चिन्ह लगाएतको विवरण अनिवार्य सधैं सो क्षेत्रमा राखुपर्नेछ ।
७. भण्डारण कक्षमा जीवनाशक विषादी राख्दा झारपातनाशक विषादीलाई अलग्गै अन्य विषादीसंग नमिसिने गरी पार्टेसन वा अलग्गै कोठाको व्यवस्था गर्नुपर्नेछ ।

भोजराज सापकोटा
प्रमुख

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
बाली संरक्षण निर्देशनालय
राष्ट्रिय विषादी व्यवस्थापन केन्द्र
हरिहरभवन, ललितपुर

८. म्याद नाघेका वा अन्य कारणले प्रयोग अयोग्य विषादीलाई भण्डारण गर्नका लागि प्रत्येक भण्डारण क्षेत्रमा एक अलग क्षेत्रको व्यवस्थापन गर्नुपर्ने साथै सोको अभिलेख अनुसूची -११ बमोजिम केन्द्रमा पठाउनु पर्नेछ ।

९. जीवनाशक विषादी भण्डारण कक्षमा राख्दा वा बिक्री वितरणका क्रममा लोड अनलोड गर्दा अनिवार्य रुपमा कामदारलाई सुरक्षात्मक पहिरनको व्यवस्था गरेर मात्र काममा लगाउनु पर्नेछ । साथै अन्य जीवनाशक विषादीको सम्पर्कमा रहने व्यक्तिले सुरक्षात्मक सामग्रीको प्रयोग अनिवार्य रुपमा गर्नुपर्नेछ ।

१०. जैविक जीवनाशक विषादीको भण्डारण गर्दा रासायनिक विषादी भन्दा अलग्गै कक्षमा भण्डारणको व्यवस्था गर्नुका साथै सूचक पत्रमा उल्लेख गरेको विषयको पालना गर्नुपर्नेछ ।

११. जीवनाशक विषादीको अभिलेख प्रत्येक महिनामा अध्यावधि गर्नुका साथै प्रत्येक वर्षको भदौ मसान्तभित्र केन्द्रमा पेश गरेको हुनुपर्नेछ ।

१२.कुनै व्यक्ति सस्था वा निकायलाई विषादीको प्रकार तोकेर नै इजाजतपत्र जारी गरिएको छ भने उक्त भण्डारण कक्षमा अन्य प्रकृतिको विषादी भण्डारण गर्न पाइने छैन ।

१३. जीवनाशक विषादी जन्य दुर्घटनाको न्यूनिकरणका लागि आवश्यक योजना, सामग्री, आगो निभाउने यन्त्र तथा प्राथमिक उपचारको सामग्री र सूचनाहरु भण्डारण कक्षमा र कार्यालय कक्षमा उपलव्ध हुनुपर्नेछ र भण्डारण कक्षसंगै बाथरुमको (नुहाउने) व्यवस्था गर्नुपर्ने छ।

१४. भण्डारण कक्षमा बालबालिका, अन्य अनाधिकृत व्यक्ति पस्ने वा वस्ने गर्न पाइनेछैन ।साथै भण्डारण कक्षमा खानेकुरा, औषधी, दाना पदार्थ राख्न र धुम्रपान, मध्यपान सवेन गर्न पाइने छैन ।

१५. जीवनाशक विषादीको भण्डारण कक्षको भुइ ढलान गरेको तथा भित्ता विषादी सोस्न नसक्ने, पानी नचुहिने, हावा नगुम्सने र ढोका हुने गरी व्यवस्थापन गर्नुका साथै भेन्टीलेसन र झ्यालहरु छेकिने गरी जीवनाशक विषादी राख्न पाइने छैन । यदि भण्डारणकक्षमा पानी चुहिएको खण्डमा वा डुवान परेको खण्डमा तत्कालै केन्द्रमा जानकारी गराइ स्थानान्तर गर्नुपर्नेछ । स्थानान्तर गर्दा केन्द्रवाट स्वीकृत गरेर मात्र गर्नुपर्नेछ ।

१६. भण्डारण क्षेत्रमा राखिएको सवै वस्तुको जिम्मेवारी इजाजतपत्र प्राप्त व्यक्ति, संस्था वा निकाय कै हुनेछ ।

१७.जीवनाशक विषादीको प्याकिङ्ग गर्दा प्रयोग गरिएको प्याकेजिङ्ग सामग्री, वोरा वा अन्यवस्तुको पुनः प्रयोग गर्न पाइनेछैन ।साथै भण्डारणकक्षमा विषादी पोखिएमा वा चुहिएमा विषादीको सुरक्षित तवरले जीवनाशक विषादी नियमावलीको नियम १८ को उपनियम (२) (ञ) अनुसार व्यवस्थापन गर्नुपर्नेछ ।

१८. जीवनाशक विषादीको भण्डारण गर्दा यदि राख्ने पर्ने अवस्था सृजना भएमा र्‍याकमा झोल विषादी तल्लो भागमा र धुलो विषादी माथिल्लो भागमा हुने गरी राखुपर्नेछ अन्यथा अलग अलग प्रकारका विषादी अलग अलग र संश्लेषणको प्रकारलाइ अलग्गै राखु पर्नेछ । वढि प्रज्वलनशील विषादीलाई विधुतीय तार वा स्वीच नजिक राखु हुदैन ।

१९. भण्डारणमा जीवनाशक विषादी पोखिएमा विषादी धुलो वा ठोस अवस्थामा भए पोखिएको मात्राको दुई गुणा वढी बालुवा, सुख्खा माटो वा काठको धुलोले छोप्ने तथा कुचोको मद्दतले सम्पूर्ण पोखिएको वस्तु उठाएर पानीको मुहान नभएको र मानिस वा चौपाया नजाने सुरक्षित स्थलमा कम्तीमा पचास से. मी. गहिराइको खालडमा पुर्नु पर्नेछ ।

२०.जीवनाशक विषादीको मानव शरिरमा सम्पर्क शुन्य वनाउने सम्बन्धमा सम्बन्धित व्यक्ति, संस्था र निकाय सदैव चनाखो रहने तथा व्यवस्थापन र सुधारको लागि सदैव तत्पर रहनुपर्नेछ । केन्द्र वा विषादी निरीक्षक द्वारा भविष्यमा हुने अनुगमनका क्रममा दिइएको लिखित वा मौखिक सुझावहरु अनिवार्य पालना गर्नुपर्नेछ ।

२१.माथि उल्लेखित शर्तका अलावा जीवनाशक विषादी व्यवस्थापन ऐन, नियमावली र यसै ऐन तथा नियमावली बमोजिम मन्त्रालय, जीवनाशक विषादी समिति र केन्द्रले जारी गरेका मापदण्ड, निर्देशिका, आचार संहिता लगाएतका निर्देशनहरुको अक्षरशः पालना गर्नुपर्नेछ ।

प्रमुख

माथि उल्लेखित सवै सर्तहरु मैले अध्ययन गरे र यी सर्तहरु पालना गर्न म, मेरो संस्था वा निकाय मञ्जुर छौं । पालना नगरेको खण्डमा हुने दण्ड सजाय हुने कुरामा पूर्ण जानकार छु ।

हस्ताक्षर............................................

संचालकको नामः

पदः

संस्था वा निकायको छाप .......................................

मितिः ..................................................................

रहोवरः

नामः

नागरीकता नं.

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
राष्ट्रिय क्वारेन्टाईन तथा विषादी व्यवस्थापन केन्द्र
हरिहरभवन, ललितपुर

जीवनाशक विषादी व्यवस्थापन ऐन,२०७६ को दफा ८ बमोजिम केन्द्रबाट इजाजतपत्र लिनुपर्ने व्यवस्था गरेकोले इजाजतपत्र लिन चाहने व्यक्ति,संस्था वा निकायले तपशिलका कागजातहरू पेश गरेको साथै ऐन नियमावलीमा भएको व्यवस्था अनुरूप विवरण पेश गरेकाले इजाजतपत्र दिन उपयुक्त हुने हुदाँ निर्णार्यथ पेश गर्दछु।

<u>पेश गरेका कागजातहरु</u>

१. जीवनाशक विषादी व्यवस्थापन नियमावलीको नियम १२ बमोजिम तालिम प्राप्त व्यक्तिको प्रमाणपत्र प्रतिलिपि ।

२. तालिम प्राप्त व्यक्तिको SEE वा सो सरह उत्तिर्ण गरेको शैक्षिक योग्यताकोप्रमाणपत्रको प्रतिलिपि। ।

३. जीवनाशक विषादी व्यवस्थापन नियमावलीको अनुसूची ६ र अनुसूची ७ अनुसारको निवेदन, स्वघोषणा।

४.केन्द्रले तोकेको व्यक्ति वा विषादी निरीक्षकले विषादी भण्डारण गरिने स्थलगत निरीक्षण गरेको प्रतिवेदन।

५.व्यवसायिक फर्म वा कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि।

६.जीवनाशक विषादीको कारोबार खुलेको स्थायी लेखा नम्बर(PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपि।

७. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।

माथि उल्लेखित १ देखि ७ सम्मका सबै कागजातहरू प्राप्त भएकाले श्री .............................. ठेगाना........................... लाई इजाजतपत्र दिन उपयुक्त भएकाले निर्णायार्थ पेश गर्दछु।

| .................. | ...................... | ................... |
|---|---|---|
| तायार गर्ने | पेश गर्ने | सदर गर्ने |

प्रमुख